क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्षः २०, अङ्कः ३३, २०८२ साउन १ गते बिहीबार (17 Jul., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका
दैनिक

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

# कञ्चनपुरमा लागूऔषध ओसारपसार र सेवन चुनौतीपूर्ण

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ३२ असार**



तपाइँ आफ्ना छोराछोरीले दैनिकगर्ने आनिबानी एवं गतिविधिका बारेमा सचेतता अपनाइरहनु भएको छ, छैन, छोराछोरीले गर्ने व्यवहार एवं आनिबानीका बारेमा सचेतता अपनाउनु भएको छैन भने उनीहरूमध्ये धेरै कुलतमा फसिरहेका हुन सक्छन् ।

पढ्न जाने वा घर बाहिरको कामगर्न जाने बहानामा कुलतमा फसेका साथीभाईको सङ्गतमा लागेर धेरै युवा एवं वयस्क व्यक्ति लागु औषधको कुलतमा फसिरहेका घटना बढ्दै गएका छन् । यीमध्ये कतिपय युवती पनि यस्तो कुलतमा फस्ने गरेको पाइएको छ । कञ्चनपुरमा लागूऔषध सेवन र ओसारपसार चुनौतीपूर्ण बनेको छ । पछिल्लो समय लागुऔषध प्रयोगकर्ताको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको छ । लागुऔषधको प्रयोगले अन्य आपराधिक गतिविधिसमेत बढ्न थालेका छन् ।

यसको रोकथाम र न्यूनीकरणका लागि प्रहरीले थुप्रै प्रयास गरे पनि भारतसँग जोडिएको खुल्ला सिमानाका कारण लागुऔषध सेवन र ओसारपसार चुनौतीपूर्ण बनेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक खड्कबहादुर खत्रीले बताए । 'अहिलेको मुख्य समस्या भनेको लागूऔषध छ, यसको रोकथामका लागि प्रहरी निर्मम भएर लागेको छ', उनले भने, 'भारतसँगको खुल्ला सीमानाकाका कारण चुनौतीपूर्ण छ ।' जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७९/८० मा लागूऔषधका १५१ मुद्दा दर्ता भएका छन् भने २९३ जना पक्राउ परेका छन् । त्यसैगरी, आर्थिक वर्ष २०८०/८१ मा १८१ मुद्दा दर्ता भएका छन् भने २८७ मानिस पक्राउ परेका छन् । त्यसै गरी, आर्थिक वर्ष २०८१/८२ मा १७७ मुद्दा दर्ता भएका छन् भने २६५ मानिस पक्राउ गरिएको छ । लागु औषधको ओसारपसार र सेवनकर्ता बढ्न थालेपछि यसको रोकथाम एवं न्यूनीकरणका लागि बेलाबखत प्रहरीले विद्यालयमा अध्ययरत छात्र छात्राका लागि छुट्टै कक्षा सञ्चालन गरेर चेतना अभिवृद्धि गराउने गरेको छ ।

लागु औषधको सेवनबाट अधिकांस किशोर किशोरी प्रभावित हुन थालेपछि उनीहरूलाई लक्षित गरी चेतनामूलक कार्यक्रम थालिएको प्रहरीको भनाइ छ । यसका लागि प्रहरीले विद्यालय सञ्चालकसँगको समन्वयमा विद्यार्थीको छुट्टै कक्षामार्फत् यस्तो चेतना अभिवृद्धिसम्बन्धी प्रशिक्षण दिने गरेको छ ।

'प्रहरीले लागूऔषध नियन्त्रणका लागि विभिन्न सचेतना अभियान सञ्चालन गरिरहेको छ', प्रहरी उपरीक्षक खत्रीले भने, 'पछिल्लो समय समाजमा लागूऔषध जस्ता कुलतले भयाभव अवस्था छ ।' उनले प्रहरीले लागूऔषध ओसारपसार, बेचबिखनविरुद्ध प्रहरी निर्मम भएर लागेको बताए । उनले विद्यार्थीदेखि समुदायस्तरमा लागूऔषध निर्मूल गर्नका लागि विभिन्न समयमा सचेतना कार्यक्रम सञ्चालन गरिएको बताए । उनले लागूऔषध सेवन, ओसारपसार, मादक पदार्थको सेवन, घरेलु हिंसा, सवारीसाधन दुर्घटना, चोरी तस्करी, मोबाइल चोरी र साइबर अपराधले शान्तिसुरक्षामा चुनौती थपिदिएको बताए । 'प्रहरीसँग न्यूनतम स्रोत साधनका बीच पनि अधिकतम उपभोग गर्दै शान्ति सुरक्षामा सेवा प्रहार गरिरहेका छौँ', उनले भने, 'अपराध न्यूनीकरणका लागि प्रहरीले समुदाय स्तरमा साझेदारी कार्यक्रम सञ्चालन गरिराखेको छ ।'

### कञ्चनपुरमा एक वर्षमा ६ करोड ३७ लाखको अवैध सामान बरामद

त्यसैगरी, प्रहरीले आर्थिक वर्ष २०८०/८१ मा छ करोड ३७ लाख, ८५ हजार ५१९ बराबरको अवैध समान नियन्त्रणमा लिएको छ । आर्थिक वर्ष २०८१/८२ मा सात करोड ३९ हजार ५४७ बराबरको भन्सार चोरीछलीको अवैध समान बरामद गरिएको छ । गत वर्ष छ जनासहित ९७ सवारीसाधन बरामद गरिएको थियो । 'हामीले सूचना प्राप्त गरिसकेपछि अवैध नदी खोला उत्खनन गर्ने ट्याक्टर नियन्त्रणमा लिएर ११ लाख ८५ हजार जरिबाना असुल गरेका छौँ, उनले भने, 'मादक पदार्थ सेवन गरेर सवारीसाधन चलाउने चालकमाथि कारबाही गरेर एक लाख ७४ हजार जरिबानाबाट राजस्व असुल भएको छ ।'

Admissions Open
Class 11 Admissions open
+2 Science Commerce




रेडियण्ट मा.वि.को भर्ना सम्बन्धी सूचना

२०८१ सालको एसईई परीक्षामा उत्तीर्ण हुनु भएका सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाईका साथै उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्दै सुदूर पश्चिमाञ्चल क्षेत्रकै अग्रणी शिक्षण संस्था **रेडिएण्ट मा.वि.**मा शैक्षिक सत्र २०८१/०८२ का लागि **विज्ञान** (Science) तथा **वाणिज्य** (Commerece) तर्फ कक्षा ११ मा तपशिल बमोजिमको कार्यक्रम अनुसार भर्ना खुलेको विषय सम्बन्धित सबै विद्यार्थी तथा अभिभावक वर्गमा सहर्ष जानकारी गराइन्छ ।

१) **आवेदन फारम वितरण तथा दाखिला**: २०८२ असार १५ गतेदेखि श्रावण २ गतेसम्म । फाराम बुझाउदा एसईईको इन्टरनेट ग्रेडसिट पनि सम्मिलित गर्नुपर्नेछ ।
२) **प्रवेश परीक्षा**: : श्रावण ३ गते शनिबार बिहान ८ बजेदेखि
३) **नतिजा प्रकाश**: श्रावण ३ गते बेलुका ७ बजे
४) **भर्ना मिति** : श्रावण ४ गतेदेखि श्रावण ९ गतेसम्म ।
५) **अभिमूखिकरण कार्यक्रम** (Orientation Program) :**२०८२ श्रावण १० गते बिहान ८ बजे**
६) **कक्षा सञ्चालन**: २०८२ श्रावण १२ गते दिउँसो १२:२० बजेदेखि
७) **व्यवस्थापन पढ्ने विद्यार्थीहरुलाई यो वर्ष आकर्षक छुट रहनेछ ।**

Admission Open
+2 Science
and
Commerce
Radiant Higher
Secondary
School
Mahendranagar,
Kanchanpur
Phone No.
099-525169
Website :
www.radianths.edu.np

रेडिएण्ट उच्च माध्यमिक विद्यालय
महेन्द्रनगर, कञ्चनपुर, फोन नं.: ०९९-५२५१६९, ०९९-५२०९९२

# सुदूरपश्चिममा १० वर्षको अवधिमा ८ जनाको छाउगोठमा मृत्यु

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ३२ असार**

सुदूरपश्चिम प्रदेशमा १० वर्षको अवधिमा आठ जनाको छाउगोठमा मृत्यु भएको छ। सुदूरपश्चिम प्रदेश प्रहरीको तथ्याङ्क अनुसार १० वर्षको अवधिमा र जस्वला भएको समयमा घर बाहिर बसेका आठ महिला तथा किशोरीहरूको मृत्यु भएको हो ।

कञ्चनपुरकी २८ वर्षीय कमला आउजी दमाईंको सर्पको टोकाइबाट मृत्यु भएसँग छाउगोठमा मृत्यु हुने महिलाको सङ्ख्या आठ पुगेको प्रहरीले बताएको छ। महिनावारी भएपछि देवता रिसाउने डरले पक्की घर छाडेर कच्ची छाउगोठमा बसेकी उनको शुक्रवार राति विषालु सर्पले टोकेपछि मृत्यु भएको थियो ।



बाजुरामा २०७५ पुस २४ गते छाउगोठमा हृदयविदारक घटना घटेको थियो। रजस्वला भएपछि ३५ वर्षीय अम्बा बोहरा आफ्ना दुई छोरा १२ वर्षीय सुरेश र नौ वर्षीय रमितलाई लिएर छाउगोठमा बसेका बेला गोठ जल्दा तीनै जनाको मृत्यु भयो। जिल्लाको बुढीनन्दा नगरपालिका-९, अगाउपानीका उनीहरूको एकै चिहान भएको थियो। सुदूरपश्चिममा १० वर्षको अवधिमा एक जना बलात्कृत भएको र एक महिलामाथि बाघले आक्रमण गरेको प्रदेश प्रहरी कार्यालय, धनगढीले बताएको छ। अछाममा चार, बाजुरामा तीन र कञ्चनपुरमा एक जनाको छाउगोठमा ज्यान गएको छ। २०७६ कात्तिक १५ गते अछामको साँफेबगर नगरपालिका-३, डिग्रेनीकी २२ वर्षीय पार्वती बुढा रावतको गोठभित्र सर्पदंशबाट ज्यान गएको थियो। यस्तै २०७३ कात्तिक ५ गते तिमिल्सेनकी४५ वर्षीय डम्मरा उपाध्यायले गोठभित्र निसासिएर ज्यान गएको छ। गाजराकी १५ वर्षीय रोशनी तिरुवाले २०७३ कात्तिक ५ र तुर्माखाँद गाउँपालिका-३ की २१ वर्षीय गौरी वयक बुढाले २०७४ पुस २७ गते निसासिएर गोठमा ज्यान गुमाउनु परेको छ ।

प्रदेशमा २०७० सालभन्दा अगाडि पनि थुप्रै महिलाले छाउगोठमा अकालमै ज्यान गुमाएका छन् । यसै गरी घरभन्दा केही पर एक्लै गोठमा बस्ने कारणले उनीहरू गोठमै बलात्कारको सिकार पनि भइरहेका छन् । गत असार ४ गते अछामको पञ्चदेवल विनायक नगरपालिका-२ की १६ वर्षीय किशोरी छाउगोठमा बलात्कृत भएको प्रदेश प्रहरी कार्यालयको तथ्याङ्क छ। यस्तै गएको माघ १४ गते कैलालीको मोहन्याल गाउँपालिका-७, कुइनेकी ४५ वर्षीय सरस्वती वन्यजन्तुको आक्रमणबाट घाइते भएकी छन् । छाउगोठमा सुतिरहेको अवस्थामा उनीमाथि बाघले आक्रमण गरेको प्रहरीले बताएको छ ।

रजस्वला महिलाको प्राकृतिक र नियमित मासिक प्रक्रिया हो। तर, रजस्वला भएपछि छुवाछुत र देवीदेवताको डर मान्ने कुसंस्कारका कारण छाउगोठमा महिलाले अकालमै ज्यान गुमाउने क्रम रोकिएको छैन ।

मुलुकी अपराधसंहिता ऐन, २०७५ ले छाउपडी कुप्रथालाई बन्देज गरेपछि २०७६ मा यस प्रदेशभरि प्रहरीले नै छाउगोठ भत्काउने अभियान थालेको थियो। अछाम, बाजुरा, कैलाली, कञ्चनपुरलगायत विभिन्न जिल्लामा छाउगोठ भत्काइए पनि फेरि त्यस्ता गोठ बनाइएको छ ।

कमला आउजीको मृत्युपछि कञ्चनपुर जिल्लामा प्रशासनले सबै छाउगोठ भत्काउने अभियान चलाउन नौ वटै स्थानीय तहलाई पत्राचार गरेको छ ।

# नेपाल–भारत सीमानाका बन्द हुने

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ३२ असार**

भारतको उत्तराखण्ड प्रदेशमा हुन गइरहेको पञ्चायत निर्वाचनलाई मध्यनजर गर्दै बैतडी र दार्चुला जिल्लास्थित नेपाल-भारत सीमा नाका बन्द हुने भएको छ ।

यही जुलाई २४ र २८ (आगामी साउन ८ र १२ गते) भारतको उत्तराखण्ड प्रदेशमा पञ्चायत निर्वाचन हुँदैछ। उक्त निर्वाचनलाई मध्यनजर गरेर बैतडी र दार्चुलाका भारतसँग सीमा जोडिएका नाकाहरू बन्द गर्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले बताए ।

दार्चुलाको पुलघाट नाका जुलाई २१ (आगामी साउन ५ गते) बेलुकादेखि जुलाई २४ (साउन ८ गते) बिहानसम्म बन्द हुनेछन् । यस्तै बैतडीको झुलाघाट नाका साउन ९ गतेदेखि साउन १२ गतेसम्म बन्द रहने उनले बताए ।



उक्त अवधिमा आकस्मिक रूपमा नाका खोल्नुपरेमा दुवै देशको आपसी सहमतिमा खोल्न सकिने जनाइएको छ ।

हेपाटाइटिस रोगबाट बचौं

❖हेपाटाइटिस कलेजोमा हुने एक प्रकारको संक्रमण हो,
❖यस्तो संक्रमणले कलेजो बिग्रन सक्छ,
❖हेपाटाइटिस A, B, C, D, र E गरी पाँच प्रकारका हुन्छन् ।

**यसका लक्षणहरू:**
❖थकान महसुस हुने,
❖पेट दुखे,
❖आँखाको सेतो भाग पहेंलो हुने (जन्डिस देखिने),
❖वान्ता वा खानामा अरुचि हुने,
❖तौल घट्ने जस्ता लक्षण देखिन सक्छन् ।

**हेपाटाइटिसबाट बच्न:**
❖सफा पानी पिउने,
❖स्वच्छ खाना खाने,
❖हेपाटाइटिस विरुद्धको खोप लगाउने,
❖संक्रमितको रगत तथा सुईबाट टाढा रहने,
❖सुरक्षित यौन सम्पर्क गर्ने ।

**"हेपाटाइटिस रोकथाम गरौं, जीवन जोगाऔं"**

नेपाल सरकार
विज्ञापन बोर्ड









## सुदूरपश्चिमका स्वास्थ्यकर्मीको माग

# 'सेवा ऐन अनुसार व्यवस्थापन गरियोस्'

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, ३२ असार**

सुदूरपश्चिम प्रदेशका स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरूले आफूहरूलाई स्वास्थ्य सेवा ऐन, २०२० बमोजिम समायोजन गर्न माग गर्दै प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाएका छन् ।

स्थानीय तह स्वतन्त्र स्वास्थ्यकर्मी संघर्ष समिति सुदूरपश्चिम प्रदेशले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सो ज्ञापन बुझाउँदै संघीय तहका स्वास्थ्यकर्मीले पाउने सुविधा र पदनाम आफूहरूले पनि पाउनुपर्ने माग राखेका छन् ।

स्वास्थ्यकर्मीहरूले कर्मचारी समायोजन ऐन, २०७५ ले व्यवस्था गरे अनुसार आफूहरूको दरबन्दी र सेवा सुविधा मिलाउनुपर्ने बताएका छन् ।

उनीहरूले हालसम्म स्थानीय तहमा खुम्च्याइएको अवस्थामा राखिएको भन्दै असन्तोष व्यक्त गरेका छन्। स्वास्थ्यकमीहरूको माग अनुसार प्रदेश सरकार र स्थानीय तहले स्वास्थ्य सेवा ऐन, २०२० र स्वास्थ्य सेवा नियमावली, २०५२ अनुसार संरचना मिलाएर समायोजन प्रक्रिया अघि बढाउनुपर्ने छ । उनीहरूले हाल कार्यरत स्वास्थ्यकर्मीको सेवा, सुविधा र पदनाम यथास्थितिमा कायम राख्नुपर्ने र प्रदेशभित्र रहेका ८८ वटा स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीलाई एकीकृत रूपमा व्यवस्थापन गर्नुपर्ने बताएका छन् ।



साथै, समस्या समाधानका लागि सुदूरपश्चिम प्रदेश सरकारले स्वास्थ्यकर्मी संघर्ष समितिसँग औपचारिक छलफल गरी सहमति गरेर अघि बढ्नुपर्ने मागसमेत राखिएको छ । ज्ञापनपत्र सँगै स्वास्थ्यकर्मीहरूले आफूहरूको समस्या पटक-पटक राख्दासमेत बेवास्ता भइरहेको गुनासो गरेका छन्। उनीहरूले यथाशीघ्र समस्या समाधान नभए चरणबद्ध आन्दोलनमा जानुपर्ने चेतावनी दिएका छन् ।

स्वास्थ्यकर्मीहरूको यो ज्ञापन सुदूर पश्चिम प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश प्रमुखको कार्यालय र प्रदेश सभा सचिवालयमा बुझाइएको छ ।

# कर्मचारीलाई बिदामा नबस्न मुख्यमन्त्री शाहको निर्देशन

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, ३२ असार**

सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले बिदामा नबस्न कर्मचारीहरूलाई निर्देशन दिएका छन् । मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय धनगढीमा बुधवार सुदूरपश्चिम प्रदेश लगानी तथा विकास सम्मेलन २०८२, नीति तथा कानुन अध्ययन तथा सिफारिस उपसमितिले आयोजना गरेको अन्तर क्रिया कार्यक्रममा उनले अत्यावश्यक बाहेक अन्य समयमा बिदामा नबस्न निर्देशन दिएका हुन् ।

'सुदूरपश्चिम प्रदेश सरकार यतिबेला आगामी असोज १ र २ गते लगानी तथा विकास सम्मेलनको तयारीमा जुटेको छ,' मुख्यमन्त्री शाहले भने, 'कोहीपनि अत्यावश्यक बाहेक अन्य विदामा नबस्नु होला ।' उनले प्रमुख सचिव डा. कमलप्रसाद पोखेललाई मातहतका निकायमा निर्देशन परिपत्र गर्न निर्देशन दिएका छन् । लगानी तथा विकास सम्मेलन सफल बनाउन सबै लाग्नु पर्नेमा जोड दिँदै मुख्यमन्त्री शाहले प्रदेशमा लगानी मैत्री वातावरण बनाई लगानीकर्तामा विश्वासको



वातावरण सिर्जना प्रदेश सरकार गम्भीर रहेको बताए। 'काम गर्ने क्रममा विभिन्न कानुनी जटिलता आउन सक्छन्,' मुख्यमन्त्री शाहले भने, 'प्रदेश कानुन सचिव डा. वीरेन्द्रकुमार मिश्रले तत् तत् निकायमा समन्वय गरी एक हप्ताभित्र कानुनी समस्या पहिचान गर्नु होला ।'

उनले दुई तरिका (अध्यादेश मार्फत र संकल्प प्रस्ताव पेस) बाट ऐन संशोधन गर्न सकिने बताए । लगानी तथा विकास सम्मेलन सुदूरपश्चिम प्रदेशको आर्थिक, सामाजिक र पूर्वाधार विकासका लागि एक कोसेढुङ्गो साबित हुनेछ। सम्मेलनबाट पूर्वाधार विकास, पर्यटन विकास, रोजगारी सिर्जना, पर्यटन प्रवर्धन, कृषि तथा वन उपजमा मूल्य अभिवृद्धि, सीमा व्यापार तथा अन्तरदेशीय आर्थिक साझेदारीलगायतका क्षेत्रमा टेवा पुग्ने विश्वास प्रदेश सरकारले लिएको छ ।

WESTERN PUBLIC ACADEMY
Admission open
Grade-11
HOTEL MANAGEMENT +2
विगत दश बर्षदेखि महेन्द्रनगर बजारको मुटुमा अवस्थित सम्पूर्ण अभिभावक तथा विद्यार्थिहरूको मन मुटुमा बस्न सफल यस श्रि वेर्स्टन पब्लिक एकेडेमिमा कक्षा ११ मा नयाँ भर्ना खुलेको जानकारि गराईन्छ ।
Others Courses
SHORT TERM HOTEL MANAGEMENT
ARTS
- English
- Math
- Nepali
- Sociology
- Health
- Rural Development
MANAGEMENT
- Computer Science
- Account
- Economics
EDUCATION
- English
- Nepali
- Math
सम्पर्क भी.न.पा-१८, बरपिपल चौक कटान, कञ्चनपुर 099-520890, 9858750795, 9848726882, 9867315200

# श्री घटाल माध्यमिक विद्यालय

वेदकोट न.पा.–७ सुडा, कञ्चनपुर

प.स.: २०८१/०८२
च.नं.:

**कार्यालय सहयोगी आवश्यकता सम्बन्धि सूचना**

( प्रथम पटक प्रकासित सूचना २०८२/०३/३२ )

उपयुक्त विषय सम्बन्धमा यस विद्यालयको मिति २०८२/०३/३२ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय र बेदकोट नगरपालिकाको मिति २०८२/०३/१५ च.न.४२०२ को अनुमति पत्रानुसार विद्यालयमा रिक्त रहेको विद्यालय सहयोगी/कर्मचारी पदमा खुल्ला प्रकृया द्वारा पदपूर्ति गर्नुपर्ने भएकोले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र इच्छुक नागरिकहरुबाट तोकिएको आवश्यक कागजात सहित रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

१.विज्ञापन नं. ०१/२०८१/०८२

क) पद : विद्यालय सहयोगी /कर्मचारी ख) पद संख्या : ०१ ( एक )

ग) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ( कार्यरतलाई उमेरहद नलाग्ने )

घ) दरखास्त दस्तुर : रु.५००। ङ) शैक्षिक योग्यता : सामान्य लेखपढ

च) आवेदन दिने मिति : २०८२/०३/३२ देखि २०८२/०४/१४ गते सम्म

२) आवश्यक कागजात :क)निवेदन ख)नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ग)पासपोर्ट साइजको फोटो ०२ प्रति

३) परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता

४) सम्पर्क मिति : २०८२/०४/१५

५) परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ ।

६) थप जानकारीका लागि : सम्पर्क नं ९८६८८५४६५२ , ९८४८७२६६४७, ८९४८७२२६३२

MAHAKALI MODERN
Public Secondary School
+2
ADMISSIONS OPEN
GRADE XI
व्यवस्थापन तर्फ
• Hotel Management
• Computer Commerce
• Commerce
शिक्षा संकाय तर्फ
• Major. Maths
• Major. Nepali
• Major. English
• Health and Physical Educat
महाकाली मोडर्न पब्लिक स्कूल
099-522558, 9848844039 mahakalimodern2048@ mmps.com.np
Mahendranagar, Kanchanpur, Nepal
Bheemdatt - 03, Bhansi

छानको बालुवा र गिट्टी चाहिएमा ।



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस् ।
हाम्रा उत्पादनहरू
बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural
सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग
वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

EDUCATION FOUNDATION
SARC
ADMISSION
OPEN-2082
GET YOUR SCHOLARSHIP DON'T WAIT !
SCIENCE
MANAGEMENT
HOTEL MANAGEMENT
LAW
ENTRANCE EXAMINATION FORM DISTRIBUTION GOING ON
ENTRANCE FORM DISTRIBUTION
ASHAD 15TH , 2082
ENTRANCE EXAMINATION DATE
SHRAWAN 2nd, 2082 [11:00 AM]
RESULT ANNOUNCEMENT
SHRAWAN 2nd, 2082
9851162396, 9848751033, 9848751540, 9843566302
sarcplustwo@gmail.com
www.sarc.edu.np

# Admission Open






- Ranked as leading and reputed institution.
- Highly experienced, young, qualified, energetic and dedicated teaching staff.
- Excellent performance in NEB/HSEB result .
- Outstanding achievements in MBBS/BE scholarships & CA.
- The choice of school Toppers.
- Scholarships for deserving and needy students.
- Well furnished AC class rooms with CC camera surveillance.
- Homely teaching learning environment
- Highly focused on Extra-curricular activities
- Sophisticated Science, Management, Computer lab & well stocked library.
- . Multimedia class rooms.
- Hostel facilities for boys and girls.
- Transportation facilities.








**Limited Seats**
Science
Management
LAW

## Admission Schedule

**Form distribution From:**
*18th Ashad 2082.*
**Entrance exam:**
*4th Shrawan 2082, 10:00 AM*

## Little Buddha Secondary School

Kanchanpur, Phone: 099- 520894, 522594, 521056


मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७